# नवदुर्गा गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

मणिलेक, डडेल्धुरा
सुदूरपश्चिम प्रदेश, नेपाल


प.सं. ०८३/०८४
च.नं.

नवदुर्गा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय मणिलेक, डडेल्धुरा सुदूरपश्चिम प्रदेश, नेपाल

**हार्दिक अपिल।**

यहि मिति २०८३ भाद्र १० गते बुधबारका दिन बिहान करिव ०८:४० बजेको समयमा भोटेकोशी नदीमा आएको ठुलो बाढीका कारण रसुवा, नुवाकोट, धादिङ लगायत थुप्रै जिल्लाका दाजुभाई तथा दिदिबहिनिहरूले ज्यान गुमाउनु परेको, ठुलो संख्यामा धैरै व्यक्तिहरू घाइते भएको र भौतिक पूर्वाधारको ठुलो क्षति भएको खवरले नवदुर्गा गाउँपालिका परिवारलाई अत्यन्तै मर्माहत बनाएको छ।

यस अकल्पनीय र दुखद घडिमा ज्यान गुमाउनु हुने सम्पुर्ण मृतकहरू प्रति नवदुर्गा गाउँपालिका भावपुर्ण श्रद्धाञ्जली अर्पण गर्दछ, साथै शोकसन्तप्त परिवारजनप्रति गहिरो समवेदना व्यक्त गर्दै बाढी पहिरोमा परी घाइते हुनुभएका सम्पुर्ण नागरिकहरूको शीघ्र स्वास्थ्य लाभको कामना गर्दछ।

यस दुःखद घडिमा नेपाल सरकारद्वारा सञ्चालन भइरहेको राहात तथा उद्धार कार्यमा सहयोग पुर्याउने उद्देश्यले नवदुर्गा गाउँपालिका हाललाई रू १ लाख नगद सहयोग उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गर्दै विपदको यस कठिन परिस्थितिमा प्रभावित नागरिकहरूको उद्धार, राहत तथा पुर्नस्थापनाका लागि नेपाल सरकारसँग हातेमालो गर्दै नवदुर्गा गाउँपालिका सदैव तत्पर रहनुका साथै मानवीय एवम राष्ट्रिय दायित्वको घडिमा गाउँपालिकाको तर्फबाट यथासक्य सहयोग, समन्वय र सहकार्य निरन्तर रहने प्रतिवद्धता व्यक्त गर्दछौ।

यस प्राकृतिक विपदको कठिन परिस्थितिमा आ-आफ्नो क्षेत्रबाट राहात, उद्धार तथा पुर्नस्थापनाका कार्यहरूमा जुट्न र आफ्नो सामर्थ्य अनुसार सहयोग गरिदिन हुन सम्पूर्ण आम नागरिक, उद्योगी, व्यवसायी, संघ-संस्था तथा सरोकारवालाहरूमा नवदुर्गा गाउँपालिका हार्दिक अपिल गर्दछ।

मिति २०८३।०५।११ गते विहिबार
ने.सं. ११४६ कौलागा पञ्चमी

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष

लक्ष्मी प्रसाद अवस्थी
अध्यक्ष


**E-Mail**: nawadurgaruralmun@gmail.com /info@navadurgamun.gov.np